आज मिति २०८१ साल श्रावण १४ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | देवकी |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| | | | |
| | | | |

प्रस्तावहरु:

१. गत आ.व.२०८०/०८१ मा दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
२. कोठे बिन्जेल धुस्कोट सडक (ठेक्का नं. BRM/NCB-03/2080-081)को म्याद थप सम्बन्धमा ।
३. घर भाडा सम्झौता नवीकरण सम्बन्धमा ।
४. ढुंगा गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको राजश्व संकलन सम्बन्धमा ।
५. बालमैत्री आचार संहिता सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. गत आ.व.२०८०/०८१ मा दायित्व सिर्जना भई स्रोत अभाव तथा अन्य कारण भुक्तानी हुन नसकेका म.ले.प.फारम २२१ बमोजिम प्रमाणित गरी जिम्मेवारी सारिएका देहायका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजना/कार्यक्रमको नाम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | गाई प्रवर्धन कार्यक्रम वडा नं. ५ | ४,००,०००/- | |
| २ | फलाटे खेल मैदान निर्माण वडा नं. ५ | १६,००,०००/- | |
| ३ | लप्से सडक मर्मत वडा नं. ४ | १,००,०००/- | |
| ४ | गुम्बाडाँडा फुटबल मैदान निर्माण वडा नं. ३ | ६,००,०००/- | |
| ५ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २६,०००/- | |
| ६ | पदाधिकारी बैठक भत्ता | ६,००,०००/- | |
| ७ | प्रधानमन्त्री रोजगार आयोजनासँग साझेदारीमा श्रममूलक आयोजना सञ्चालन | १६,६४,७६१/- | |
| ८ | प्रशासकीय भवनमा भित्ते लेखन | १,८०,०००/- | |
| ९ | बसन्त तोलाङ्गीको परिवारलाई आर्थिक सहायता | १,११,१११/- | |
| १० | सार्वजनिक सुनुवाई कार्यक्रम | ४५,०००/- | |
| ११ | सवारी साधन मर्मत | ७३,०००/- | |

| | | | |
|---|---|---|---|
| १२ | मूलाबारी स्वास्थ्य चौकीको सोलार मर्मत | ७४,१२८/- | |
| १३ | आधारभूत स्वास्थ्य केन्द्र जालबारी प्लासेन्टा पिट निर्माण | ४१,०००/- | |
| १४ | फलाटे शौचालय निर्माण वडा नं. ५ | १,००,०००/- | |
| १५ | होडिङ बोर्ड निर्माण वडा नं. ७ | १,००,०००/- | |
| १६ | सडक बोर्ड सँगको साझेदारीमा सञ्चालित योजनामा गाउँपालिकाले व्यहोर्ने रकम | ८,७५,०००/- | |
| १७ | विद्युत महशुल | २,००,०००/- | |
| १८ | उद्दार राहत तथा पुनस्थापना खर्च वडा नं.२ | १०,०००/- | |
| १९ | ज्यामिरे अदमारा वडा नं. ४ को कार्यालय हुँदै डाँडागाउँ सडक | १९,५०,०००/- | सडक बोर्ड नेपाल |

२. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र अग्रगामी निर्माण प्रा.लि. बीच मिति २०८०/०७/१५ मा सम्झौता भएको Construction of Kothe Binjel Dhuskot Road (ठेक्का नं. BRM/NCB-03/2080-081) को कार्य मिति २०८१/०३/१५ मा सम्पन्न गर्नु पर्नेमा निर्माण व्यवसायीले अविरल वर्षाको कारणले गर्दा समयमानै काम सम्पन्न गर्न नसकिने भनी उक्त योजनाको म्याद २०८१ कार्तिक ३० गतेसम्म थपका लागि कार्यतालिका र प्रतिवद्धता सहित निवेदन पेश गरेको ।सो सम्बन्धमा मिति २०८१/०३/१४ मा गाउँपालिकाका अध्यक्षज्यू तथा उपाध्यक्षज्यूबाट कार्यपालिकाबाट अनुमोदन गर्ने गरि निर्माण व्यवसायीको माग बमोजिम म्याद थपको निर्णय भएको ।उक्त सम्झौताको म्याद मिति २०८१ कार्तिक ३० गतेसम्म थपको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

३. यस बलेफी गाउँपालिका अन्तर्गतका कार्यालयहरु संचालनका लागि भाडामा लिइएका सम्पूर्ण घरहरुको घर भाडा सम्झौता २०८१ श्रावण १ देखी २०८१ कार्तिक मशान्त सम्मका लागि नवीकरण गर्ने निर्णय गरियो ।

४. यस बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी तथा ब्रम्हायणी नदीबाट संकलन हुने ढुंगा गिट्टी बालुवा लगायतका नदिजन्य पदार्थहरुको संकलनमा बागमती प्रदेशको प्रदेश आर्थिक ऐन,२०८१ बमोजिम शुल्क लगाईने। साथै, बोलपत्र पेश भई सम्झौता नभएसम्मका लागि गाउँपालिकामा कार्यरत मौजुदा कर्मचारी परिचालन गरी अमानतबाट कर संकलन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

५. बलेफी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन घोषणाका लागि निर्माण गरिएको बलेफी गाउँपालिकाको बालमैत्री आचार संहिता-२०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

६. विविध

क. नेपाल दुरसञ्चार प्राधिकरणबाट जडान भएको 20Mbps को ईन्टरनेटबाट मात्र सेवा प्रवाह गर्न नेटको गतिका कारण कठिनाई भएकाले वडा कार्यालयहरुमा थप क्षमताको ईन्टरनेट समेत जडान गर्ने निर्णय गरियो ।

ख. गत आ.व. २०८०/०८१ मा सम्झौता हुन बाँकी रहेका र पन्ध्रौं गाउँसभामा छुट भएका देहायका योजना/कार्यक्रमहरुलाई आगामी सोहौं गाउँसभामा समावेश गर्ने निर्णय गरियो।

| क.सं. | योजना/कार्यक्रमको नाम | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | कफी खेती प्रवर्द्धन वडा नं. ५ | २,००,०००/- | |
| २ | वीउ विजन अनुदान वडा नं. ८ | १,३०,०००/- | |
| ३ | बाख्रा तथा तरकारी खेती कार्यक्रम वडा नं. ८ | २,००,०००/- | |